# शिवराज नगरपालिकाको कार्यालय

# शिवराज नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा,कपिलवस्तु

**प्रदेश नं.५**

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७४/११/२४)

यस कार्यालयलबाट आ.व.२०७४/०७५ मा नगर स्तरीय कार्यक्रम अन्तर्गतका निर्माण कार्यहरु शिलबन्दी दरभाउपत्र द्वारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण ब्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

शर्तहरु :

१. शिलबन्दी दरभाउपत्र फारम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी )नगदै बुझाई रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउपत्रमा उल्लेखित दर्ता गर्ने अन्तिम मितिको अघिल्लो दिनसम्म नगर कार्य पालिकाको कार्यालय राजस्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेका दरभाउपत्र फाराम नियमानुसार भरी खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण,ठे.न., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी दरभाउपत्र विक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्र सोहि दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि शिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. तल उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड चन्द्रौटा शाखाको धरौटी खाता नं. २२८०३००००००००३००००१ मा नगद जम्मा गरेका सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५(पचहतर) दिन म्याद भएको बिड बन्ड दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ। नगदै पेश गरेको धरौटीवापतको रकमलाई मान्यता दिइनेछैन।

४. शिलबन्दी दरभाउपत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ। दररेट सच्याउनु परेमा सच्चाइएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

५. नेपाल सरकारलाई तिर्नै/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दरभाउपत्र मा उल्लेख गरिएको दररेटमा (भ्याटबाहेक) समावेश गरिएको मानिने छ।

६. दरभाउपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ।

७. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ।

८. दरभाउपत्र को डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन।

९. प्राप्त दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्र दाताले छाप सहित सहि गर्नुपर्नेछ।

११. दरभाउपत्र दाताबाट निर्माण कार्यको दरभाउपत्र मा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

१२. दरभाउपत्र मा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३. यसमा उल्लेख नभएका बिषयको हकमा सार्वजनिक खरीद नियमावली नियमावली २०६४ र प्रचलित ऐन/नियम अनुसार हुनेछ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. (भ्याट र कन्टिजेन्सी बाहेक )रु | धरौटी रकम | दरभाउपत्रको मुल्य रु. |
|---|---|---|---|---|---|
| १ | 36/KPL/SM/RD/074/075 | थुन्हिया देखी सितलापुरसम्म सडक स्तरोन्नति | १७,२३,८०६/२३ | ४८,०००/- | १,०००/- |
| २ | 40/KPL/SM/RD/074/075 | नया बस्ती दुर्गा मन्दिर देखी कप्तानको घरसम्म सडक स्तरीकरण | ८,६१,६५१/४२ | २४,०००/- | १,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner